म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ | अङ्क:- २२४ | २०८० असार २४ गते आइतबार 9 July 2023, Sunday - | पृष्ठ ४ | मूल्य रु. ५/-




### मनहरीमा भयानक दुर्घटना

# दुई ट्रक ठोक्किएर जल्दा तीन जनाको मृत्यु



*जलेर नष्ट भएको ट्रकलाई हटाएर बाटो सुचारु गर्ने प्रयास गर्दै प्रहरी ।*

समाज संवाददाता

हेटौंडाः पूर्वपश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-६ मा शुक्रबार राती भयानक दुर्घटना भएको छ। दुईवटा ट्रक ठोक्किएर दुर्घटना भई आगोलागी हुँदा ३ जनाको मृत्यु भएको छ। शनिबार राति १:४५ बजेको समयमा मनहरी-६, डिपाटमा विपरित दिशाबाट आएका दुई ट्रक ठोक्किएर आगलागी भएको थियो ।

आगलागीबाट दुबै ट्रक पूर्णरुपमा जलेर नष्ट भएको छ। दुर्घटनामा ना ६ ख ६६६७ नम्बरको ट्रकका चालक चितवन, राप्ती-८ का २८ वर्षीय रिहान रुम्बा तामाङ र सहचालक गोरखा जिल्ला गण्डकी-२, गोर्दीटारका २१ वर्षीय सुमन चेपाङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। यस्तै, ना ६ ख ६३१ नम्बरको ट्रकका सहचालक मकवानपुर मनहरी-३ का २० वर्षीय अमृत प्रजाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। मृतकको शव भने पहिचान हुने अवस्थामा छैन ।

हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना ६ ख ६६६७ नम्बरको ट्रक र विपरित दिशातर्फबाट आउँदै गरेको ना ६ ख ६३१ नम्बरको ट्रक ठक्कर खाएर दुर्घटना हुँदा दुबै ट्रकमा आगलागी भएको थियो । दुर्घटनामा ६६६७ नम्बरको ट्रकमा सवार चितवन राप्ती-३ का ३५ वर्षीय विवेक तामाङ र ६३१ नम्बर ट्रकका चालक मनहरी-३ का ३२ वर्षीय अर्जुनकुमार प्रजा घाइते भएका छन्। उनीहरूलाई उपचार का लागि चितवनस्थित भरतपुर अस्पताल पठाइएको प्रहरीको भनाइ छ । प्रहरीले बिहान करिब ६ बजेको समयमा मात्रै आगो नियन्त्रणमा लिएर सडक सुचारु भएको थियो। राजमार्गमा यस किसिमको दुर्घटना भएको थिएन ।

# मनहरीको आगामी आर्थिक वर्षको बजेट पारित

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट पारित गरेको छ। शुक्रबार भएको पालिकाको १३ औं अधिवेशनअन्तर्गतको दोस्रो बैठकले बजेट पारित गरेको हो।

गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी मगरले ९० करोड २१ लाख ७१ हजार ८ सय ७३ रुपैयाँको बजेट पेश गर्नुभएकोमा सभाबाट पारित भएको हो। पालिकामा सुशासन र संस्थागत विकासतर्फ १४ करोड २९ लाख १२ हजार ८७३ रुपैयाँ, आर्थिक विकासतर्फ ४ करोड ३० लाख रुपैयाँ, सामाजिक विकासतर्फ ३० करोड २३ लाख ५९ हजार रुपैयाँ, पूर्वाधार विकासतर्फ ३२ करोड ६४ लाख रुपैयाँ बजेट विनियोजन भएको छ।

पालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम भने असार १० गते नै प्रस्तुत गरेको थियो। पालिकाले पूर्वाधार विकासअन्तर्गत् पालिकामा सञ्चालित व्यापल खोला पुल, ठाडो खोला पुल, मसिने खोला पुल, हाँडीखोला पुल, ट्वाङ्ग्रा खोला पुल र पालिकाको प्रशासनिक भवन निर्माण गर्ने भएको छ। यस्तै, ४ नम्बर वडा कार्यालय भवन निर्माण तथा कोल्ड स्टोर निर्माणलाई पालिकाको गौरवको आयोजनाका रुपमा सञ्चालन गरिने भएको छ।

पालिकाले स्वास्थ्यतर्फ जेष्ठ नागरिक तथा असहाय वर्गको स्वास्थ्य अवस्था जाँच तथा उपचारको लागि घर दैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिने भएको छ। यस्तै, शत प्रतिशत आमाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराई पूर्ण संस्थागत सुत्केरी भएको पालिका निर्माण गर्न कार्यक्रम ल्याइएको छ। गाउँपालिकाभित्रकै स्वास्थ्य संस्थामा सुत्केरी हुन जाँदा निःशुल्क एम्बुलेन्सको सुविधा उपलब्ध गराउने र गर्भवती महिलाहरुको आधारभूत जाँच तथा भिडियो एक्सरे सेवा निःशुल्क गरिने भएको छ।

शिक्षातर्फ विद्यालयमा शिक्षकको नियमित उपस्थिति र पूरा समय कक्षामा पठन-पाठन भएको सुनिश्चित गर्न सबै सामुदायिक विद्यालयमा ई-हाजिरीको व्यवस्था र सीसी क्यामेरा जडान गर्दै जाने निर्णय भएको छ। अनिवार्य आधारभूत शिक्षामा पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा प्रदान गर्न गाउँपालिकाभित्र बसोबास गर्ने गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरुको छनौट गरी विपन्न बालबालिका गरिबसँग विश्वेश्वर शैक्षिक सहायता कार्यक्रमसँग आवद्ध गराइने भएको छ।

पालिकाभित्र सञ्चालनमा रहेका प्राविधिक तथा सीपमूलक शिक्षा प्रदान गर्ने विद्यालयहरुलाई विशेष प्रोत्साहन अनुदान तथा विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइने भएको छ। खेलकुदतर्फ अध्यक्ष कप फुटबल प्रतियोगितालाई निरन्तरता दिने र उपाध्यक्ष कप भलिबल प्रतियोगिता सुरुवात गरिने भएको छ।

**Join IT Career in HCC**

Admission Open
↓
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
↓
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेजमा B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट-२०५२
HETAUDA SCHOOL OF MANAGEMENT

Congratulations to all the students who have passed SEE! Your hard work and dedication have paid off.
YOU CAN NOW MOVE ON TO THE NEXT STAGE OF YOUR ACADEMIC JOURNEY WITH HSM



ADMISSIONS OPEN FOR
+2
• SCIENCE
• MANAGEMENT
• HOTEL MANAGEMENT
• BEAUTICIAN & HAIR DRESSER

For inquiry:
9855074222
ENROLL NOW
"कडा अनुशासन, स्तरीय शिक्षा"
Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np
DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

# हार्दिक बधाई एवम् शुभकामना




जिनुका यादव 3.9 GPA | सपना ग्लेन 3.7 GPA



यस विद्यालयबाट २०७९ सालको एसईईमा ३.९ जिपिए ल्याउने जिनुका यादव र ३.७ जीपीए ल्याउने सपना ग्लेन लगायत सफल हुनुहुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरुलाई हार्दिक बधाईसहित उच्च शिक्षामा उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछौं । साथै विद्यार्थीको राम्रो नतिजाका लागि मिहिनेत गर्नुहुने शिक्षकलाई पनि बधाई ज्ञापन गर्दछौं ।

**श्री ज्ञानदा मावि परिवार**

**हेटौंडा-१०, भुटनदेवीमार्ग**

# सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज; अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट



**प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट**

शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क**

**०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७**

## सम्पादकीय

# समग्र नतिजा कमजोर

गत चैत १७ गतेबाट सञ्चालित कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा बिहीबार सार्वजनिक भएको छ । ८ दशकभन्दा लामो समयसम्म एसएलसीको नामबाट सञ्चालन हुँदै आएको कक्षा १० को परीक्षा करिब एक दशकदेखि एसईईको नामबाट सञ्चालन हुन थालेको हो । शिक्षा ऐनमा संशोधन गरेर कक्षा १२ सम्मलाई विद्यालय शिक्षा कायम भएपछि कक्षा १० को अन्त्यमा एसईई परीक्षा सञ्चालन हुन थालेको छ । कक्षा १० सम्म विद्यालय तहको शिक्षा हुँदा कक्षा १० अन्तमा राष्ट्रियस्तरमा एसएलसी परीक्षा लिइन्थ्यो । कक्षा १२ सम्म विद्यालय शिक्षा भएपछि कक्षा १२ को अन्तिम परीक्षालाई एसएलसी मानिएको भए पनि कक्षा १० को एसईईको महत्व एसएलसीजस्तै मानिँदै आएको छ । एसईई भएपछि लेटर ग्रेडिङबाट नतिजा प्रकाशन गर्नेबाहेक अन्य फरक छैन । एसईईलाई अझै पनि राष्ट्रियस्तरमै सञ्चालन गरिरहेको अवस्था र देशभरका कलेजहरुले समेत कक्षा ११-१२ मा विद्यार्थी भर्ना लिइराखेको अवस्थामा यो परीक्षा विद्यालयबाट कलेज जाने परीक्षाजस्तै मानिएको हो ।

गतवर्षको भन्दा यस वर्षको नतिजा सुधार भएको राष्ट्रिय परीक्षा बोर्डको भनाइ छ । यस वर्षको एसईईमा उच्च जीपीए ल्याउने विद्यार्थीको संख्या गतवर्षको भन्दा वृद्धि भएको छ । सार्वजनिक नतिजाअनुसार ३.६ देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या २२ हजार ४७५ रहेको छ । २०७८ को एसईई नतिजाअनुसार यस्ता विद्यार्थीको संख्या ९ हजार ६३३ जनामात्र थियो । प्रतिशतका आधारमा हेर्दा यस वर्ष ४ दशमलब ६३ प्रतिशत विद्यार्थीको जीपीए ३.६० देखि ४ सम्म आएको छ, जबकि अघिल्लो वर्ष यस्ता विद्यार्थी १.९४ प्रतिशतमात्र थिए । यस वर्षको एसईईमा ३.२ देखि ३.६ जीपीए ल्याउने ५५ हजार ६९, २.८ देखि ३.२ जीपीए ल्याउने ७२ हजार ३६२ र २.४ देखि २.८ जीपीए ल्याउने विद्यार्थीको संख्या ८९ हजार ३३१ जना रहेको छ । सबैभन्दा धेरै १ लाख २ हजार २९३ जनाले २ देखि २.४ जीपीए ल्याएका छन् भने १.६ देखि २.० जीपीए ल्याउनेको संख्या ८८ हजार ४४७ छ । एसईईमा सम्मिलित ४ लाख ८४ हजार ९३९ परीक्षार्थीमध्ये ३८ हजार ७७० जनाले १.२० देखि १.६० जीपीए ल्याएका छन् । यस्तै, ०.८० देखि १.२० जीपीए ल्याउनेको संख्या २ हजार २ सय र एनए (नन एग्रिगेड) १३ हजार ९९२ जना छन् । १.६ जीपीएभन्दा कम हुने विद्यार्थीले कक्षा ११ मा अध्ययन गर्न पाउँदैनन् ।

पछिल्लो समय विद्यार्थीको पठन संस्कृति कमजोर बन्दै गएको र कोभिडको समयमा परीक्षाबिना उत्तीर्ण गरिएका विद्यार्थीको समग्र सिकाई उपलब्धी कमजोर रहेकाले एसईईको नतिजामा अपेक्षित सुधार हुन सकेको छैन । कोभिडपछिका वर्षहरुमा भन्दा गत शैक्षिक सत्रमा विद्यार्थीले राम्रोसँग पढ्न पाएकाले एसईई नतिजामा केही सुधार हुनु स्वभाविक हो । तर, विषयगत आधारमा ३५ प्रतिशतभन्दा कम प्राप्तांक आउने विद्यार्थीको नतिजामा एनजी (नट ग्रेडेड) उल्लेख गरी अनुत्तीर्ण मान्ने परिवर्तित मूल्यांकन पद्दतिबाट नतिजा प्रकाशन नगरी पुरानै पद्दतिबाट नतिजा प्रकाशन गरिएकाले एसईईको नतिजा सुधार भएको मान्न सकिन्छ । नयाँ ग्रेडिङ पद्दति लागू गरिएको भए झण्डै आधा विद्यार्थी गणितकै कारणमात्रै कक्षा ११ पढ्नबाट वञ्चित हुने नतिजाले देखाएको छ । गणितमा ३० भन्दा कम प्राप्तांक ल्याउने विद्यार्थी २ लाख ४ हजार २६८ जना अर्थात् ४२ प्रतिशत पाइएको छ ।

लेटर ग्रेडिङ पद्दतिले पनि परीक्षा प्रणालीमा खासै सुधार भएको छैन । न्यूनतम जीपीए ल्याउन नसकेका विद्यार्थी अझै कक्षा ११ मा पढ्नबाट वञ्चित हुने गरेका छन् भने कतिपय विद्यार्थीले आफूले चाहेको विषय पढ्न पाइरहेका छैनन् । विद्यार्थीको औसत क्षमता मूल्यांकन गरेर माथिल्लो तह प्रवेशलाई सहज बनाउने उद्देश्यले ल्याइएको लेटर ग्रेडिङ प्रद्दति पनि खासै प्रभावकारी बन्न सकेको छैन । बरु यसले पठन संस्कृतिलाई कमजोर बनाइरहेको चर्चा हुने गरेको छ । विगतमा सबै विषयमा उत्तीर्णाङ्क ल्याउनैपर्ने अवस्थालाई लेटर ग्रेडिङले अन्त्य गरेका कारण कमजोर लाग्ने विषयप्रति विद्यार्थीको रुचि झन कम भएको छ । यसले समग्र नतिजा कमजोर बनाएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : स्वस्थता र मनमा उत्साह बढ्ने योग छ ।
**वृष** : कामधन्दा र व्यापारमा व्यस्त रहने योग छ ।
**मिथुन** : अरुको सेवामा समय व्यतित हुने योग छ ।
**कर्कट** : जोखिम र संकटबाट बच्नुपर्ने समय छ ।
**सिंह** : मायाप्रेम र रतिरागमा सरिक भइने छ ।
**कन्या** : पढाइ –लेखाइमा त्यति मन नजाला ।
**तुला** : मान–सम्मान प्राप्तिको समय योग छ ।
**वृश्चिक** : शरीर स्वस्थ भएपनि चिन्ता बढ्ला ।
**धनु** : बोलीमा प्रभाव भएको समय योग रहेको छ ।
**मकर** : व्यक्तिगत खुशी र सुविधाका लागि धन खर्च ।
**कुम्भ** : पेशा व्यवसायमा सोचे अनुरुप फल मिल्ला ।
**मीन** : परिबन्ध र बाध्यताका काममा रुमल्लिएला ।

# विद्यालय सुधारमा एसईईको प्रभाव र अबको बाटो



✍ सम्झना अधिकारी

भर्खरै माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा सार्वजनिक भएको छ । विगत केही वर्षको नतिजाको स्तर लाई तोड्दै यो वर्षको नतिजामा केही सुधार देखिएको छ । जसमा कुल ४ लाख ८३ हजार ५६५ विद्यार्थीहरुमध्ये २२ हजार ४७५ विद्यार्थीले ३.६ देखि ४ जीपीए ल्याएका छन् । जुन कुल परीक्षार्थीको ४.६३ प्रतिशत हुन आउँछ । त्यसैगरी ११.३६ प्रतिशत विद्यार्थीले ३.२ देखि ३.६ जीपीए ल्याएका छन् भने १४.९२ प्रतिशत विद्यार्थीले २.८ देखि ३.२ जिपिए ल्याएका छन् । सबैभन्दा बढी २१.०९ प्रतिशत विद्यार्थीले २ देखि २.४ जीपीए ल्याएको परीक्षा बोर्डले सार्वजनिक गरेको छ । विद्यार्थी र विद्यालयको समग्र शैक्षिक अवस्थाको मापन गर्न गतिलो सूचकको रुपमा लिइँदै आएको एसईईको नतिजा सार्वजनिक भएपश्चात् अभिभावक, साथीभाइ, आफन्त नातागोता सबैको ध्यान एसईईको नतीजामा केन्द्रित हुनुले पनि यस विषयलाई अलि बढी महत्वपूर्ण बनाएको छ ।

यो नतिजालाई नै आधार बनाउँदै सामुदायिकदेखि संस्थागत विद्यालयसम्मले पनि आआफ्नो परिचय दिन व्यस्त देखिन्छ । यसरी विद्यालयले आफ्नो परिचय दिँदै गर्दा राम्रो नतिजा हासिल गर्ने विद्यालयले उपलब्धीसहित प्रस्तुत गरेका छन् । मध्यम र न्यून उपलब्धि हासिल गर्ने विद्यालयले आ-आफ्नै तरिकाले जानकारी दिएको देखिएको छ । केही अभिभावकले त यही नतिजाकै आधारमा आगामी शैक्षिकसत्रमा आफ्नो बालबालिकालाई अब कता भर्ना गर्ने ? भन्ने योजना बनाउन पनि सुरु गरेका छन् भने केही अभिभावकले भने आफूले सही विद्यालयमा आफ्नो बालबालिका भर्ना गरेकोमा ढुक्क भएका छन् ।

विगतको वर्षको तुलनामा यसवर्ष सामुदायिक विद्यालयको नतिजामा पनि सुधार देखिएको छ । जसले विद्यालयको भौतिक अवस्थामा गरिएको सुधारले बालबालिकाको पठनपाठनमा सकारात्मक परिवर्तन गर्न सकिन्छ भन्ने संकेत दिएको छ । वास्तवमा भन्ने हो भने भूकम्पपछि सामुदायिक विद्यालयको पुनःनिर्माणले विद्यालयको कक्षाकोठादेखि प्रविधिको पहुँचमा समेत सहजता ल्याएको छ । उपयुक्त विद्यालय वातावरण, प्रविधियुक्त सिकाइ, पर्याप्त खेलमैदान, दिवा खाजाको उचित व्यवस्थापन, पुस्तकालयको प्रयोग, विज्ञान प्रयोगशाला तथा कम्प्युटर प्रयोगशालाको उचित व्यवस्थापन जस्ता सुधारले बालबालिकाको सिकाइमा उल्लेख्य सुधार हुने देखिएको छ । अब हरेक विद्यालयले आफ्नो ध्यान बालबालिकाको पठन संस्कृतिको विकास गरी उनीहरुलाई पुस्तकप्रतिको मोह वृद्धि गर्दै पाठ्यक्रमले राखेको उपलब्धि हाँसिल गर्नुमा केन्द्रित गर्नुपर्ने देखिन्छ ।

एसईई नतिजाको आधारलाई मात्रै विद्यालयको समग्र शैक्षिक सुचक मान्दै गर्दा केही संस्थागत विद्यालयको मात्रै नभएर सामुदायिक विद्यालय समेतको अवस्था धरासायी बन्दै गएको पाइन्छ । उच्च अङ्क सहितको उपलब्धि हासिल हुनु भनेको पक्कै पनि एउटा विद्यालयको सकारात्मक उपलब्धिको संकेत हो । तर आजको एक्काइसौं शताब्दीमा पनि उही पुरानो परीक्षा प्रणालीको आधारमा गरिएको मुल्यांकनले विद्यालयको वास्तविक अवस्था मापन गर्न सकेको छ त ? केही विद्यार्थीले उच्च अंक ल्याउनु मात्रै वास्तविक उपलब्धि हो त ? प्रश्न धेरै उब्जन सक्छ । केहि विद्यार्थीले ल्याएको उच्च अंकको आधारमा मात्र विद्यालयको समग्र शैक्षिक अवस्थाको मूल्यांकन गर्ने हो भने मुल्याङ्कन पद्दतिमा परिवर्तन गर्नुको कुनै औचित्य रहँदैन । बालबालिकामा भएको क्षमतालाई प्रोत्साहन गर्दै उनीहरुलाई सिकाईमा रुचि बढाउनु विद्यालयको पहिलो प्राथमिकता रहनुपर्दछ भने बालबालिकाले आ-आफ्नो क्षमता अनुसारको उपलब्धि हासिल गर्न लागीपर्नुपर्ने देखिन्छ । विद्यालयले आफ्नो नामका लागि मात्र बालबालिकालाई जबर्जस्ती प्रतिस्पर्धामा उतार्छ भने त्यो कदापि उचित हुँदैन ।

स्तरीकृत परीक्षा प्रणालीको अभावमा बालबालिकाहरूको वास्तविक क्षमताको मापन हुनसकेको छैन । मूल्यांकन प्रणालीमा परिवर्तन भए तापनि समग्र परीक्षा प्रणालीको सुधार बिना विद्यालयको समग्र पक्षको मापन हुन सक्दैन । त्यसैगरी एसईई परीक्षाको उपलब्धिको आधारमा मात्रै विद्यार्थी र विद्यालयबीचको तुलना उचित देखिँदैन । हरेक समाजको आफ्ना केही फरक विशेषता भएजस्तै विद्यालयको पनि आ-आफ्नै पृष्ठभूमि रहेको हुन्छ । चाहे त्यो दुर्गम होस् वा सुगम ।

कुन विद्यालयले कस्तो नतिजा हासिल गर्‍यो भन्ने हेर्दै गर्दा उक्त विद्यालयको समग्र वातावरणको अध्ययन हुनुपर्दछ । त्यसैगरी विद्यार्थीको उपलब्धिमा उक्त बालबालिका कस्तो पारिवारिक पृष्ठभूमिबाट आएका हुन् बुबाआमाको पेशादेखि सामाजिक अवस्था समेत यसलाई प्रभाव पार्ने तत्वको रुपमा रहेको हुन्छ । त्यसैगरी विद्यार्थी कुन उमेर र कुन कक्षामा उक्त विद्यालयमा भर्ना भएको हो भन्नेपनि महत्वपूर्ण रहेको हुन्छ ।

अन्त्यमा सबै विद्यालयले आ-आफ्ना विद्यार्थीको क्षमताअनुसार उचित तरिकाले उपलब्धि हासिल गर्नमा प्रयत्न गरौं । केहि बालबालिकाले ल्याएको उच्च अंकको आधारमा मात्रै समग्र विद्यालयको मूल्यांकन नगरी सबै बालबालिकाको क्षमतालाई प्रस्फुटन गर्न सहयोग गरौं । उच्च अंकका लागि मात्रै विद्यालय भर्ना गर्नेभन्दा पनि बालिकाका लागि अनुकूल शैक्षिक वातावरण निर्माणमा प्रोत्साहन गरौं । बालबालिकाहरुलाई बिकाउने र आफ्नै देशमा टिकाउने उपायको खोजी गरौं । स्थानीय तहले आ आफ्नो क्षेत्रको शैक्षिक विकासमा उल्लेख्य सुधार गर्न नयाँ नयाँ योजनाको निर्माण गरौं । शिक्षालाई विकासको महत्वपूर्ण पूर्वाधार को रुपमा स्वीकार गरी शैक्षिक सुधारका बहसहरु संचालन गरौं । विद्यालयलाई वैदेशिक जनशक्ति उत्पादन गर्ने थलोमा मात्र सीमित नराखी आफ्नै देशमा गरीखान सक्ने खालका योजना निर्माणमा पहल गरौं ।

(अधिकारी हेटौंडा-६, गौरिटारस्थित बालजागृति युवा वर्ष माविकी प्रधानाध्यपक हुनुहुन्छ ।)

# विकासोन्मुख देशका लागि खेलकुद



✍ रोमी गिरी

खेलकुद गतिविधिले विकासोन्मुख देशहरूलाई विकासमा मद्दत गर्न सक्छ । खेलकुद कार्यक्रमहरुको अवलम्बनले युवालाई सहयोग, सहभागिता र नेतृत्व कौशल प्राप्त गर्न सक्षम बनाउँछ । शारीरिक गतिविधिले पनि स्वास्थ्य सुधारलाई बढावा दिन्छ र युवालाई विभिन्न गतिविधिमा भाग लिनको लागि समान अवसर प्रदान गर्दछ ।

ठूला खेलकुद संगठनहरुले विश्वव्यापी मुद्दा, खेलकुदका आवश्यकता र धेरै ठूलो दर्शकहरुमा अभियान विस्तार गर्ने महत्वको बारेमा सचेतना जगाउन राम्रो भूमिका खेलिरहेका छन् ।

फलस्वरूप, खेलकुदले अविकसित देशहरुको विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । उदाहरणका लागि, विश्व स्वास्थ्य संगठनले २०१८ मा विश्वव्यापी रुपमा शारीरिक गतिविधि सुधार गर्न विश्वव्यापी कार्ययोजना जारी गर्‍यो । विश्व स्वास्थ्य संगठनले २०३० सम्ममा विश्वलाई स्वस्थ स्थान बनाउने लक्ष्य राखेको छ । खेलकुद, मनोरञ्जनका गतिविधि र घुमफिर जस्ता विभिन्न शारीरिक गतिविधिबारे सचेतना प्रदान गर्ने डब्ल्यूएचओको लक्ष्य हो ।

डब्ल्यूएचओ विशेषगरी महिला, मध्यम उमेरका वयस्क र अपाङ्गता भएका व्यक्तिहरुका लागि सम्भावनाहरु विस्तार गर्न इच्छुक छ । हाल, ७५ प्रतिशत बालबालिका र २५ प्रतिशत वयस्कहरु शारीरिक गतिविधिको लागि विश्वव्यापी आवश्यकता र मापदण्ड पूरा गर्न सक्षम छैनन् । तसर्थ, खेलकुद राष्ट्रको स्वास्थ्य र विकासको लागि महत्वपूर्ण छ ।

शारीरिक गतिविधिले हृदय रोग, मधुमेह, क्यान्सर र मानसिक स्वास्थ्य समस्याहरुको जोखिम कम गर्न मद्दत गरेको देखाइएको छ । शारीरिक गतिविधि बाल विकासको लागि महत्वपूर्ण छ किनकि यसले बच्चाहरुलाई विभिन्न पाठ र विशेषताहरु सिकाउँछ ।

फलस्वरूप, डब्ल्यूएचओले अकाल मृत्युलाई कम गर्न नियमित शारीरिक व्यायामको मात्रा बढाउने लक्ष्य राखेको छ । डब्ल्यूएचओको शारीरिक गतिविधि रणनीतिले २०३० सम्म दिगो विकास लक्ष्य (एसडीजी)को उपलब्धिलाई गति दिन मद्दत गर्नेछ ।

त्यस्तै, युनिसेफले बालबालिकालाई हिंसाबाट जोगाउन, असमानताको ढाँचामा बाधा पुर्‍याउन र शारीरिक क्षमतामा आधारित सहभागिता अवरोधहरु हटाउन खेलकुद कार्यक्रमहरु पनि बनाएको छ । गैरनाफामुखी संस्थाको लक्ष्य 'समावेशी खेलकुद' लाई प्रवर्धन गर्नु हो । युनिसेफका अनुसार खेलकुदले समुदायलाई रचनात्मक ढङ्गमा एकताबद्ध गर्नेछ । खेलकुदले अपाङ्गता भएका युवाहरूलाई पनि आफ्नो पूर्ण क्षमताको अनुभूति गर्न दिन्छ भन्ने विश्वास गरिन्छ ।

मोन्टेनेग्रिन सरकार र युनिसेफले २०१० देखि २०१३ सम्म 'इट्स अबाउट एबिलिटी' अभियानमा सहकार्य गरे । अभियानको मौलिक उद्देश्य थप स्वागतयोग्य समाजलाई बढावा दिनुथियो। अभियानको अन्त्यमा, मोन्टेनेग्रोका बासिन्दाहरुले आफ्ना बच्चाहरुलाई ४० प्रतिशतभन्दा बढी अपाङ्गता भएका बालबालिकाको रुपमा एउटै कक्षामा पढेको अनुमोदन गरे ।

यो बढ्दो मान्यताले मोन्टेनेग्रोको सरकार र अर्थतन्त्रलाई अझ बढी सहयोग गर्न सकारात्मक परिणामहरु देखाएको छ । यी नतिजाहरुले खेलकुदले अविकसित देशहरुको विकासमा मद्दत गर्न सक्छ भन्ने प्रमाणित गर्न सक्छ ।

खेलकुद घटनाहरुले विश्वव्यापी रुपमा प्रभाव पारिरहेका छन् र अन्तर्राष्ट्रिय ओलम्पिक समिति, अन्तर्राष्ट्रिय महासंघ जस्ता विश्वव्यापी खेल संगठनहरुले समाजका सीमान्तकृत समूहलाई केन्द्रित गर्दै धेरै च्याम्पियनसिपहरु आयोजना गर्छन् । अभियानहरु र स्थानीय खेलकुद घटनाहरुसँग रोजगारहरु सिर्जना गर्ने र घटना-सम्बन्धित वस्तु र सेवाहरुको सिर्जनालाई समर्थन गर्ने क्षमता छ ।

पेरुमा स्थानीय समुदायहरुद्वारा आयोजित म्याराथन कार्यक्रमहरूले आर्थिक सम्भावनाहरुको प्रशस्ततामा उत्तेजना देखाएको छ । फलस्वरुप औद्योगिक माग र पर्यटन गतिविधिमा वृद्धि भएको पाइएको छ ।

खेलकुदमा आधारित उद्यमशीलतालाई खेलकुदसँग सम्बन्धित उद्यमहरुको विकासको लागि एक व्यवहार्य सामाजिक-उन्मुख रणनीतिको रुपमा परिभाषित गरिएको छ । खेलकुद उद्योगले सामाजिक उद्यमशीलताको प्रासंगिक सीमाहरु अन्वेषण गर्दछ र नवीनता, जोखिम लिने र सक्रिय व्यवहारको मूल्यलाई जोड दिन्छ ।

खेलकुद सामाजिक उद्यमशीलता कार्यक्रमहरु सुरक्षित सेटिङहरु प्रदान गर्न, परम्परागत मान्यताहरु तोड्न र युवाहरुलाई आवश्यक पाठहरु प्रदान गर्न देखाइएको छ । खेलकुद, सही तरिकाले व्यवस्थापन गर्दा, गरीब देशहरुको विकास गर्न मद्दत गर्न सक्छ ।

गैर-नाफामुखी समूह, अन्तर्राष्ट्रिय खेलकुद टोली र व्यावसायिक खेलाडीहरुले पनि विश्वव्यापी मुद्दाहरु जस्तै गरिबी र समाजका पिछडिएका समूहलाई अन्यायको सामना गर्नुपरेको बारे सचेतना जगाउँछन् । विश्वभर खेलकुद वस्तुहरु सामान्य रुपमा उपलब्ध हुन थालेपछि, खेलकुद कार्यक्रमहरु थप व्यापक रुपमा अपनाइनेछन् । नतिजाको रुपमा, यसले राष्ट्रको अर्को पुस्ताको स्वास्थ्य, विकास र सफलताको साथै यसको अर्थतन्त्रमा योगदान पुर्‍याउँछ ।

नेपाली समाजमा खेलकुदको प्रभाव पनि उत्तिकै बढ्दो छ, खेलकुदले नेपाली समाजमा सधैं महत्वपूर्ण भूमिका खेलेको पाइन्छ, धेरै लोकप्रिय खेल र परम्परागत खेलहरु देशको सांस्कृतिक सम्पदामा सम्मिलित छन् । खेलकुदमा समुदायलाई एकताबद्ध र व्यक्तिहरुलाई प्रेरित गर्ने शक्ति छ र नेपालमा यसले राष्ट्रिय पहिचान र गौरवलाई बढावा दिन महत्वपूर्ण भूमिका खेलेको छ ।

सांस्कृतिक र सामाजिक फाइदाका अलावा नेपालमा खेलकुदले आर्थिक फाइदा पनि गर्दछ । देशको अर्थतन्त्रमा ठूलो योगदान पुर्‍याउने नेपालको पर्यटन उद्योग ट्रेकिङ, पर्वतारोहण र पाराग्लाइडिङ जस्ता साहसिक खेलको लोकप्रियताले बढाएको छ । साहसिक खेलको वृद्धिले पर्यटन क्षेत्रमा नयाँ रोजगारीका अवसरहरु पनि सृजना गरेको छ, जसले धेरै नेपालीलाई आयआर्जन गर्ने माध्यम हुने गरेको पाइन्छ ।

खेलकुदले नेपाली समाजलाई प्रभाव पारेको धेरै उदाहरण छन् । नेपालीहरु खेलकुदप्रति भावुक छन्, र प्रमुख खेलकुद घटनाहरु राष्ट्रिय गौरवको स्रोत पनि हुन् । खेलकुदमा भएको सफलताले देशलाई पहिचान र आफ्नोपनको अनुभूति दिएको छ र नेपाली खेलाडीको उपलब्धिलाई देशभर मनाइएको छ ।

...बाँकी पृष्ठ ३ मा

# “विद्यार्थीको पठन संस्कृतिमा धेरै गिरावट आएको छ”

**बजारमा ए प्लस ल्याएको विद्यालयले मात्र राम्रो नतिजा ल्यायो भन्ने चलन छ । तर ए प्लस नल्याउँदैमा त्यो विद्यालयको नतिजा नराम्रो भन्ने हुँदैन ।**

एसईईको नतीजा बिहिबार सार्वजनिक भयो । एसईईलाई जति सहज बनाउँदै लैजाने भने पनि यसप्रति सरोकारवालाको चासो घटेको छैन । विद्यालय तहको शिक्षाको एउटा महत्वपूर्ण मापकको रुपमा एसईई रहँदै आएको छ । एसईईको समग्र नतीजा र विद्यार्थी, अभिभावकले ध्यान दिनुपर्ने विषयमा रहेर समृद्ध समाज दैनिकका लागि सुमिना चौलागाईले हेटौँडा-२ स्थित सिद्धार्थ माविका प्रधानाध्यापक मोहनप्रसाद शर्मासँग गर्नुभएको कुराकानी:



**मोहन प्रसाद शर्मा**
**प्रधानाध्यापक**
**सिद्धार्थ मावि**

*मकवानपुर जिल्लाको एसईईको नतिजालाई समग्रमा कसरी हेर्न सकिन्छ ?*

**शर्मा**: समग्र देशभरिकै एसईईको नतिजामा गत वर्षहरुमा भन्दा तुलनात्मक रुपले यो वर्ष सुधार भएको छ। मकवानपुर जिल्लामा पनि सकारात्मक नतिजा आएको मैले महसुस गरेको छु ।

*एसईईको नतिजालाई हेर्दा मकवानपुर जिल्लाको चुनौतीहरु के के छन् ?*

**शर्मा**: मकवानपुर जिल्लाको चुनौती र राष्ट्रिय चुनौती करिब मिल्दोजुल्दो छ । अहिलेको वातावरण, पाठ्यक्रम र मूल्यांकन विधिबीचको तालमेल नमिल्नु पहिलो चुनौती हो । पाठ्यक्रमले विद्यार्थीको व्यवहारिक सिकाईलाई बढी जोड दिएको छ तर मूल्याकंन पद्दति योसँग मेल खाने खालको छैन । पछिल्लो समय विद्यालय तहदेखि कलेज तहसम्मका विद्यार्थीको पठन संस्कृतिमा धेरै गिरावट आएको छ, यो पनि अर्को चुनौती हो । कतिपय विद्यालयहरुमा अझैपनि विषयगत शिक्षकहरुको अभाव देखिन्छ । दरबन्दी भएर विज्ञापन गरेपनि महिनौंसम्म पनि पदपूर्ति हुन नसकेको अवस्था छ । जसले गर्दा विद्यार्थीले समयमै अध्ययनलाई पूरा गरी तयारी गर्न नसकिरहेको छ ।

*यस वर्षको सिद्धार्थ माविको एसईईको नतिजा समग्रमा कस्तो रह्यो ?*

**शर्मा**: सिद्धार्थ माविको नतिजा एकनास नै छ । सिद्धार्थले अहिलेसम्म त्यस्तो नराम्रो नतिजा ल्याएको छैन । बजारमा ए प्लस ल्याएको विद्यालयले मात्र राम्रो नतिजा ल्यायो भन्ने चलन छ । तर ए प्लस नल्याउँदैमा त्यो विद्यालयको नतिजा नराम्रो भन्ने हुँदैन । सिद्धार्थको यसपालिको नतिजालाई समग्रमा हेर्दा गत वर्षको तुलनामा राम्रो आएको छ ।

*पहिलाको भन्दा अहिलेको नतिजामा सुधार गर्नका लागि तपाईहरुले के-के कुरामा जोड दिनुभयो ?*

**शर्मा**: नतिजालाई राम्रो ल्याउनका लागि दक्ष विषयगत शिक्षक, सामूहिक कार्य, नियमित अभ्यास, र विद्यार्थीलाई सकारात्मक उत्प्रेरणाको आवश्यकता हुन्छ । दक्ष शिक्षकहरुको समूह र विद्यालय प्रशासन मिलेर हामीले पनि गत वर्षभन्दा राम्रो नतिजा ल्याउनका लागि प्रत्येक हप्ताको शुक्रबार वा शनिबार मोडेल प्रश्नहरुलाई राखेर नियमित अभ्यास गरायौँ । विद्यार्थीहरुलाई समय-समयमा सकारात्मक उत्प्रेरणा दियौँ ।

*अहिले एसईईमा उत्तीर्ण भाइबहिनीहरुलाई के सुझाव दिन चाहनुहुन्छ ?*

**शर्मा**: सर्वप्रथम अहिले एसईईमा उत्तीर्ण सम्पुर्ण भाइबहिनीहरुलाई बधाई दिन चाहान्छु । खासगरी विद्यार्थीहरु कक्षा ११ मा के पढ्ने, कुन विषय रोज्ने, कहाँ गएर पढ्ने भन्ने कुरामा बढी अलमलमा परेको देखिन्छ । त्यो कुरामा सर्वप्रथम भाइबहिनीहरुले आफ्नो रुचिको क्षेत्र पहिचान गर्नुपर्छ । आफ्नो घरपरिवार, साथीभाई, छिमेकीले के भन्यो भन्दा पनि आफ्नो रुचिको क्षेत्र पहिचान गरेर कहाँ गएर कुन विषय पढ्दा आफुलाई राम्रो हुन्छ भन्ने कुरा बुझ्नुपर्दछ ।

*विद्यार्थीको राम्रो शिक्षाका लागि अभिभावकले कुन-कुन पक्षमा बढी जोड दिनुपर्छ ?*

**शर्मा**: विद्यार्थीको राम्रो शिक्षाका लागि अभिभावकको महत्वपूर्ण भूमिका हुन्छ । हरेक अभिभावकले आफ्ना बालबालिकाको इच्छा के छ, त्यो बुझ्नुपर्छ । अभिभावकले आफ्नो आर्थिक अवस्थाको ख्याल गरी कुन विद्यालय पढाउने भन्ने कुरामा पनि ध्यान दिनुपर्दछ । ठूलो भवन र धेरै विद्यार्थी भएको विद्यालय मात्र राम्रो हुन्छ भन्ने सोच हटाई कुन विद्यालय पढाउँदा राम्रो हुन्छ त्यसैअनुसार निर्णय लिन सक्नु पर्दछ ।

# एसईईको ग्रेडवृद्धि परीक्षा साउन २६ र २७ गते हुने

**काठमाडौं: माध्यमिक शिक्षा परीक्षा (एसइई) को पूरक (ग्रेडवृद्धि) परीक्षा आगामी साउनमा हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयले एक सूचना प्रकाशित गरी पूरक परीक्षा साउन २६ र २७ गते हुने जनाएको छ ।**

**अन्तिम ग्रेड ‘सी’ वा ‘सी’भन्दा कम प्राप्त गरेका विद्यार्थीले पूरक परीक्षा दिन पाउनेछन् । बढीमा दुई विषयसम्म अनुपस्थित रहेका परीक्षार्थीले पनि पूरक परीक्षा दिन पाउने बोर्डले जनाएको छ । ग्रेडवृद्धिका लागि साउन २१ गतेभित्र फारम भरेर विद्यालयबाट शिक्षा विकास तथा समन्वय एकाइमा पेस गर्नुपर्ने उक्त सूचनामार्फत् जनाइएको छ ।**

**परीक्षा रद्द भएका परीक्षार्थीले पूरक परीक्षा दिन पाउने छैनन् । एक विषयको मात्र पूरक परीक्षा दिनुपर्ने विद्यार्थीले पहिलो दिन परीक्षा दिनुपर्नेछ । गत चैत १७ गतेदेखि सञ्चालन गरिएको एसइईको नतिजा यही असार २१ गते सार्वजनिक गरिएको थियो । त्यसमा २२ हजार चार सय ७५ विद्यार्थीले ३.६ भन्दा बढी जीपीए ल्याएका थिए ।**

**(स्रोतः अनलाइनखबर)**

# विकासोन्मुख देशका...

सामाजिक वा आर्थिक स्थिति जस्तोसुकै भए पनि खेलकुदमा मानिसहरुलाई एकजुट बनाउने शक्ति हुन्छ । नेपाली खेलकुद कार्यक्रमहरु समावेशी हुन्छन्, र सबै क्षेत्रका मानिसहरु सहभागी हुन सजिलो छ। खेलकुदले सामुदायिक सम्बन्ध निर्माण गर्न र सामाजिक सद्भाव बढाउन मद्दत गरेको पाइन्छ ।

नेपालमा जीवनशैली सम्बन्धी रोगहरु बढ्दै गएपछि खेलकुद शारीरिक तन्दुरुस्ती प्रवर्धन गर्न र मोटोपनासँग लड्न आवश्यक औजार बनेको छ। ट्रेकिङ, दौड र साइकल चलाउने जस्ता खेलकुद गतिविधिले हालैका वर्षहरुमा लोकप्रियता हासिल गरेको छ, धेरै नेपालीले स्वस्थ जीवनशैली अपनाइरहेका छन् ।

नेपालको अनुपम परिदृश्य र सांस्कृतिक सम्पदाले यसलाई साहसिक खेलप्रेमीका लागि आकर्षक गन्तव्य बनाएको छ। पदयात्रा, पर्वतारोहण र र्‍याफ्टिङ जस्ता खेलकुदले देशको पर्यटन उद्योगमा योगदान पुर्‍याएको छ र ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्न मद्दत गरेको छ।

हालका वर्षहरुमा, नेपालमा खेलकुदमा महिला सहभागिता प्रवर्धन गर्ने सम्बन्धी चासो बढ्दै गएको छ। खेलकुद महिला सशक्तीकरणको लागि एक महत्वपूर्ण उपकरण बनेको छ । खेलकुदले लैङ्गिक अवरोधहरु तोड्न र लैङ्गिक समानता प्रवर्धन गर्न मद्दत गर्दछ । मीरा राई र गौरिका सिंह जस्ता महिला खेलाडीहरु नेपालका युवतीहरुका लागि रोल मोडल बनेका छन्।

नेपालको बढ्दो खेलकुद उद्योगले रोजगारीका अवसरहरु सिर्जना गरी आर्थिक विकासमा योगदान पुर्‍याएको छ। खेलकुद उद्योगले कोचिङ, तालिम, घटना व्यवस्थापन, कन्सल्टिङ र मार्केटिङमा रोजगारी उपलब्ध गराउँछ र देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याउने सम्भावना पनि उत्तिकै छ।

(लेखिका नेपालबाट पहिलो ओलम्पिक स्पिकर-२०१६ हुन् । स्रोतः अनलाईनखबर ।)

# प्रजा आविका विद्यार्थीलाई खाद्यान्न सहयोग



*विद्यार्थीलाई खाद्यान्न सामग्री वितरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा: मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-३, सिद्धकालीस्थित प्रजा आधारभूत विद्यालयमा अध्ययनरत् सिमान्तकृत विद्यार्थीलाई खाद्यान्न सहयोग गरिएको छ । शुक्रबार हिमराइटसको आयोजना तथा कोर इन्टरनेशनलको आर्थिक सहयोगमा सिमान्तकृत २७ जना विद्यार्थीलाई खाद्यान्न सहयोग गरिएको हो ।

दाल, चामल, तेल, बेसार, नुन लगायत खाद्यान्न सहयोग गरिएको प्रजा आधारभूत विद्यालयका प्रधानाध्यापक तुलबहादुर सुनारले जानकारी दिनुभयो । ४ महिनालाई पुग्ने गरी प्रतिविद्यार्थी २ हजार रुपैयाँ बराबरको खाद्यान्न सहयोग गरिएको छ। प्रधानाध्यापक सुनार भन्नुहुन्छ, “यसले विद्यालय बाहिर रहेका विद्यार्थीलाई नियमित विद्यालय आउने वातावरण निर्माण गरेको छ । बैठकमा अनुपस्थित हुने अभिभावक समेत विद्यालय आउने गरेका छन् ।”

मनहरी गाउँपालिका-३ का वडा सदस्य हीरा बहादुर प्रजाको प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र चेपाङको सभाध्यक्षमा खाद्यान्न हस्तान्तरण कार्यक्रम भएको हो । अध्यक्ष चेपाङले शिक्षाबाट बालबालिका बञ्चित नहोस् भन्ने उद्देश्यले २०७४ सालदेखि सिमान्तकृत समुदायका विद्यार्थीलाई सहयोग गर्दै आइरहेको बताउनुभयो। जसले गुणस्तरीय शिक्षालाई उकास्न सहयोग पुग्ने उहाँको भनाइ छ। हिमराइटस नेपालका कार्यक्रम संयोजक कुमारी वाईबाले विद्यार्थीलाई खाद्यान्न हस्तान्तरण गर्नुभएको थियो । प्रजा आधारभूत विद्यालयमा ३ सय २९ जना विद्यार्थी अध्ययनरत् छन् ।

श्री भृकुटी माध्यामिक विद्यालय
हेटौँडा-१४, उत्तरपानी, मकवानपुर
शिक्षक आवश्यकता
*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०३/२४ गते*
प्रस्तुत विषयमा हेटौँडा उपमहानगरपालिकाको मिति २०८०/०३/२१ को च.नं. १०७७१ को प्राप्त विज्ञापन अनुमति, विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०३/२२ गतेको बैठक निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपशिलको शिक्षक पदमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकबाट सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।
**तपशिल**:
**विज्ञापन नम्बर**: ०१/२०८०
विषय: अङ्ग्रेजी
तह: मावि
संख्या: १ (एक)
प्रकार: प्रदेश अनुदान
उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
शैक्षिक योग्यता: सम्बन्धित विषयमा स्नातक उत्तीर्ण
तलब सुविधा: प्रदेश अनुदान अनुसार
छनौटको किसिम: लिखित, अन्तरवार्ता
परीक्षा दस्तुर: १०००/-
दरखास्त दिने अन्तिम मिति: २०८०/०४/०७ गते अपरान्ह ४ बजेसम्म
सम्पर्क मिति: २०८०/०४/०८ गते
परीक्षा मिति: सम्पर्क मितिमा तोकिने छ ।
आवश्यक कागजातहरु:
नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि,
शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि, हस्तलिखित निवेदन
**अन्य जानकारीका लागि**:
**प्रधानाध्यापक**: (९८५५०७०५०६, ९८६४५१३१११) वा विद्यालयमा सम्पर्क

# दुईदिने शिविरमा ३२ सयले सेवा लिए




*एक सेवाग्राहीको भिडियो एक्सरे गरिँदै ।*

समाज संवाददाता

हेटौँडा: हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्टले आयोजना गरेको दुईदिने निशूल्क स्वास्थ्य शिविरमा ३ हजार २ सयले सेवा लिएका छन् । काठमाडौं मेडिकल कलेजका चिकित्सकको टोलीले शुक्रबार र शनिबार दुईदिन स्वास्थ्य परीक्षण गरेका थिए ।

हाडजोर्नी, बालस्वास्थ्य, महिला तथा प्रसुती, मुटुसम्बन्धी, दाँतसम्बन्धी, नाक, कान, घाँटी, रक्तपरीक्षण, भिडियो एक्सरे सेवा प्रदान गरिएको थियो । हेटौँडा नगर क्षेत्रका सर्वसाधारणलाई लक्षित गरेर म्यानेजमेन्टकै परिसरमा आयोजित शिविरमा उपमहानगरसँगै जिल्लाका अन्य पालिकाबाट पनि स्वास्थ्य परीक्षणका लागि सर्वसाधारण आएको म्यानेजमेन्टले जनाएको छ । म्यानेजमेन्टले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिविरको आयोजना गरेको हो ।

शुक्रबार हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाले उद्घाटन गर्नुभएको शिविरको समापनको अवसरमा म्यानेजमेन्टले काठमाडौं मेडिकल कलेजबाट आएका चिकित्सक, व्यवस्थापक, स्वास्थ्यकर्मीको टोलीलाई मायाको चिनोस्वरुप काठको ठेकी हस्तान्तरण गरेको छ। स्वास्थ्य शिविरमा हेटौँडा स्कूल अफ म्यानेजमेन्टको पूर्वविद्यार्थीहरुको संगठनले पनि सहयोग गरेको थियो। हेटौँडा स्कुल अफ म्यानेजमेन्ट अल्मुनाई एसोसिएसनले निशूल्क पिउने पानी र मास्क वितरण गरेको थियो । शिविरमा म्यानेजमेन्टका शिक्षक, कर्मचारी र विद्यार्थीले स्वयम्सेवकको भूमिका निर्वाह गरेका थिए ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क**
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

स्वादिष्ट नेवारी खाजा




अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

## बालबोधका विद्यार्थीसँग "दैनिक संवाद कार्यक्रम"

# बुक फ्रि फ्राइडेको उद्घाटन



बु फ्रि फ्राइडेको पहिलो दिन चित्रकलाको अभ्यास गर्दै विद्यार्थी ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१७, हटियास्थित बालबोध माविका प्रधानाध्यापकले हरेक दिन विद्यार्थीसँग संवाद गर्नुहुने भएको छ । विद्यार्थीका मनमा रहेका ससाना कुराले उनीहरुको दैनिक पठनपाठन र क्रियाकलाप प्रभावित भइरहेको ठहर गर्दै विद्यालयले हरेक दिन नियमित पठनपाठन सकिएपछि दिनको ४ बजेदेखि ४:३० बजेसम्म विद्यार्थीसँग संवाद गर्ने तय गरिएको प्रधानाध्यापक रमेश रिजालले जानकारी दिनुभएको छ ।

हरेक दिन फरक फरक कक्षाका विद्यार्थीसँग संवाद गरिने प्रधानाध्यापक रिजालले बताउनुभयो । ४ कक्षादेखि १२ कक्षाका विद्यार्थीसँग संवाद गरिने प्रधानाध्यापक रिजालले जानकारी दिनुभएको छ । शुक्रबार विद्यालय व्यवस्थापन समिति, वडाअध्यक्षसहित अभिभावकको समेत उपस्थितिमा यस्तो निर्णय गरिएको हो । यस्तै विद्यालयले हरेक शुक्रबार बुक फ्रि फ्राइडे अर्थात शुक्रबार विद्यार्थीले पाठ्यपुस्तक नलिई विद्यालय जाने व्यवस्था गरिएको छ । शुक्रबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप अर्यालको अध्यक्षता तथा वडा अध्यक्ष उद्धव सत्यालको प्रमुख आतिथ्यमा बुक फ्रि फ्राइडेको उद्घाटन गरिएको छ । विद्यालयमा विविध क्रियाकलाप गरी सिक्ने, सिकाउने कार्य गरिने प्रधानाध्यापक रिजालले बताउनुभएको छ ।

बुक फ्रि फ्राइडेका लागि विद्यालयले ८ वटा विधा बनाएको प्रधानाध्यापक रिजालले जानकारी दिनुभयो । पूर्वप्राथमिक तहदेखि कक्षा १२ सम्मका विद्यार्थीलाई हरेक शुक्रबार नियमित पढाईलाई नै सहयोग गर्ने क्रियाकलापहरु गराइने उहाँले बताउनुभयो । शुक्रबारका लागि नृत्य, सीपमूलक क्रियाकलाप (डोको, नाम्लो, मुढा, टपरी, कुसन, डल बनाउने), प्राविधिक ज्ञान (मोवाइल, वाइरिङ, प्लम्बिङ, टिभि, कम्प्युटर मर्मत), सामान्य ज्ञानका लागि हाजिरीजवाफ, गणित, विज्ञान र सामाजिक शिक्षाको प्रयोगशालामा अध्ययन, अवलोकनको व्यवस्था मिलाइने प्रधानाध्यापक रिजालले बताउनुभयो ।

यस्तै शुक्रबारीय क्रियाकलापमै साहित्यिक कार्यक्रम (वक्तृत्वकला, कविता, गजल, मुक्तक, नाटक लेखकसीप), आर्ट एण्ड क्राफ्ट (चित्रकला, रंगभर, पीटी, मार्चपास), खेलकुद (एथ्लेटिक्स, भलिबल, फुटबल, कबड्डी, वुद्धिचाल), अनुसशासन (प्रस्तुतीकला, अभिप्रेरणामूलक प्रवचन कक्षा, ध्यान, योग, व्यावहारिक तथा नैतिक ज्ञान, सचेतनामूलक कार्यक्रम) र भाषाका कक्षा (अंग्रेजी, नेपाली बोल्ने, पढ्ने, लेख्ने) सञ्चालन गरिने उहाँले जानकारी दिनुभएको छ ।

यसअघि विद्यालयले हरेक महिना कक्षागत उत्कृष्ट विद्यार्थी र नियमित आउने शिक्षक, कर्मचारीलाई सम्मान गर्दै आएको छ । यसैक्रममा जेठ महिनाको उत्कृष्ट विद्यार्थी र शिक्षकलाई सम्मान गरिएको छ। जेठ महिनामा नर्सरी कक्षामा रिया खड्का, एलकेजी कक्षामा कृष श्रेष्ठ, युकेजी कक्षामा स्वेच्छा श्रेष्ठ, १ कक्षामा उर्वसी श्रेष्ठ, २ कक्षामा रिता तिमल्सिना, ३ कक्षामा प्रतिक भुजेल, ४ कक्षामा प्रतिभा निरौला, ५ कक्षामा सम्राट दाहाल, ६ कक्षामा गौरिसा घिमिरे, ७ कक्षामा सुयोग श्रेष्ठ, ८ कक्षामा रेष्ट्रिना रेग्मी, ९ कक्षामा सृष्टि भुजेल, १० कक्षामा स्वर्णिका रिजाल र कक्षा १२ मा आशिष गौतम उत्कृष्ट विद्यार्थी घोषित भएका छन् । यस्तै जेठ महिनामा पूर्ण उपस्थिति रहने शिक्षक, कर्मचारीमा दीपकलाल श्रेष्ठ, शंकर भण्डारी, बच्चु सापकोटा, सीमा हुमागाई, पुनम गोपाली र रिता लामिछानेलाई प्रशंसापत्र प्रदान गरिएको छ । बालबोध माविमा २८ जना शिक्षक, कर्मचारी हुनुहुन्छ भने ६ सय ५ जना विद्यार्थी अध्ययनरत छन् ।

# कवि उत्सवको एकल कविता वाचन

समाज संवाददाता

हेटौंडाः किताब घरको आयोजनामा शनिबार हेटौंडामा एकल कविता वाचन कार्यक्रम भएको छ । कार्यक्रममा कवि उत्सव चौलागाईंले एक दर्जन कविता वाचन गर्नुभएको छ ।

कवि चौलागाईंले आमा, मैले आँखा खोलिसकेँ, तिमी बाहिर निस्क, मालिक मनोविज्ञान, सत्ता र कान्छा, पार्लियामेन्ट, ऊ कुनै अपराध होइन शीर्षकमा कविता वाचन गर्नुभयो । यस्तै आधा, बा, सम्झनाहरुमा र फट्याफूला हातहरु शीर्षकमा कविता वाचन गर्नुभयो ।

कवि चौलागाई पेशाले स्वास्थ्यकर्मीसमेत हुनुहुन्छ । हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट रामचन्द्र सापकोटाको विशेष उपस्थितिमा एकल कविता वाचन कार्यक्रम भएको हो । सापकोटाले कवितामा देशप्रतिको प्रेम, कहानीजस्ता विषय पाएको बताउनुभयो ।

सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले चौलागाईंले वाचन गर्नुभएको कवितामाथि चर्चा गर्नुभयो । वैचारिकतामा स्पष्ट भएको, नारीवादी चिन्तन र विचारवादमा समान्य पाएको बताउनुभयो ।

# मिडिया कप फुटसलको उपाधी एन्ड्रसलाई



पुरस्कार वितरणपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौंडाः नेपाल खेलकुद पत्रकार मञ्च मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा भएको मिडिया कप फुटसल प्रतियोगिताको उपाधी एन्ड्रस फुटसल टिमले जितेको छ । शनिबार भएको फाइनल खेलमा रेडियो मकवानपुरको टिमलाई २-१ गोलले पराजित गर्दै एन्ड्रसले उपाधी जितेको हो ।

एन्ड्रसलाई उपाधी दिलाउन रविन्द्र वाईबा र सरोज पौडेलले एक-एक गोल गरे । चार टिम सहभागी प्रतियोगितामा एन्ड्रसले पत्रकार भेट्रान्स टिमलाई ६-० गोलले हराउँदै फाइनल प्रवेश गरेको थियो भने आयोजक पत्रकार मञ्चलाई हराउँदै रेडियो मकवानपुर फाइनलमा प्रवेश गरेको थियो । खेल नकआउट प्रणालीमा खेलाइएको थियो । खेलकुद पत्रकार मञ्च मकवानपुरले यसअघि मकवानपुरका पत्रकारहरुका लागि खेलकुद पत्रकारिता तालिमको आयोजना गरेको थियो ।

खेलकुद पत्रकार मञ्च मकवानपुरका अध्यक्ष राजन दाहालको सभाध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेको प्रमुख आतिथ्यमा भएको प्रतियोगिता उद्घाटन कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारु मगर, पत्रकार महासंघ मकवानपुर शाखाका निवर्तमान अध्यक्ष हरी हुमागाईको पनि आतिथ्य रहेको थियो ।

# कवि स्याङ्तानद्वारा एक दर्जन कविता वाचन




कविता वाचन गर्नुहुँदै राजु स्याङ्तान ।

समाज संवाददाता

हेटौंडाः कवि राजु स्याङ्तानले आफ्नो कविता संग्रह 'ओ पेङ्दोर्जे'बाट गाउँ हराएको कथासहित एक दर्जन कविता वाचन गर्नुभएको छ । शनिबार कविता यात्रा-२०८० अन्तर्गत् बागमती प्रदेशको राजधानी हेटौंडा आइपुग्नुभएका कवि स्याङ्तानले कविता वाचन तथा अन्तर क्रिया कार्यक्रममा एक दर्जन कविता वाचन गर्नुभएको हो ।

उहाँले गाउँ हराएको कथा, छुटेको प्रचण्ड, साङ्मो, किस्ताबन्दी, बिमा, च्याङ्बाको रहर, पिपाको हुंकार, गुमनाम ताराहरु, रामबहादुर मार्ग, दाजुभाइ शीर्षकमा कविता वाचन गर्नुभयो । यस्तै, आमा तिमी मात्, पुर्खाहरुको सम्झानामा शीर्षकमा कविता वाचन गर्नुभएको हो । कवि स्याङ्तानले नयाँ युगको पिपा र सुसारे बन्न अस्वीकार गर्नेहरुका लागि उक्त कविता संग्रह रहेको बताउनुभयो ।

कवि तथा सञ्चारकर्मी एस लामाले कवि राजु स्याङ्तानकृत ओ पेङ्दोर्जे कविता संग्रहमाथि सहजीकरण गर्नुभयो । लामाले उक्त कविता संग्रहमा एक सय ४४ पृष्ठमा ५१ वटा शीर्षकका कवितालाई ६ खण्डमा विभाजन गरिएको बताउनुभयो । मजदुरको घोषणापत्र, आमा तिमी मात, योद्धा, अन्तिम प्रेमपत्र, एकदिन, पिपाको कथा गरी ६ खण्डमा विभाजन गरिएको छ ।

पूर्व प्रदेशसभा सदस्य ओमबहादुर घलान, कवि शान्ति प्रियबन्दना र कवि निमेष निखिलले उक्त कविताहरुमाथि बहस गर्नुभयो ।

वक्ताहरुले भुइँ मान्छे, सिमान्तकृत तथा उत्पीडित समुदाय, आदिवासी जनजाति, तामाङ समुदायको रितिरिवाज, इतिहास, संस्कृति, चालचलन, पहिचानहरुलाई सरलरुपमा कवितामार्फत् उठान गरिएको बताउनुभयो। यथार्थतालाई कवि स्याङ्तानले सशक्त र स्पष्टरुपमा कवितामार्फत् उठान गरिएको कवि निखिलले बताउनुभयो । नेपाल तामाङ घेदुङ बागमती प्रदेशका अध्यक्ष लीलाकुमार घलानको सभाध्यक्ष तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी (छिन्तु)लगायत साहित्यकार, जनप्रतिनिधि र सञ्चारकर्मीहरुको उपस्थिति थियो। कविता यात्राको क्रममा आज आइतबार कवि स्याङ्तान सिन्धुली प्रस्थान गर्नुहुनेछ ।

यसअघि काभ्रे, धरानलगायत ५ वटा जिल्लामा कविता यात्राको क्रममा पुगिसक्नुभएको छ। महोत्तरी खयरमाराका कवि राजु स्याङ्तान पत्रकारिता, लेखन तथा सामाजिक, राजनीतिक आन्दोलनमा सक्रिय हुनुहुन्छ । स्याङ्तानले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गर्नुभएको छ ।

सीमान्तकृत समुदाय तथा भूमिहरणसम्बन्धी अनुसन्धान तथा फिचर रिपोर्टिङ गरिरहेका स्याङ्तानको यो पहिलो कविता संग्रह हो । नेपाल तामाङ घेदुङ बागमती प्रदेशको आयोजना तथा नेपाल तामाङ घेदुङ मकवानपुरको व्यवस्थापनमा कार्यक्रम भएको हो ।

# ज्वालादेवी आधारभूतको अध्यक्षमा मोक्तान

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-४, फिर्केपाखास्थित ज्वालादेवी आधारभूत विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा राजाराम मोक्तान चयन हुनुभएको छ । शनिबार बिहान भएको भेलाले मोक्तानलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको विद्यालयका प्रधानाध्यापक सरोज फयलले जनाकारी दिनुभयो ।

समितिमा वडा अध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, सदस्यसचिव सरोज फयल र शिक्षक प्रतिनिधि ईन्द्रप्रसाद चौलागाई रहनु भएको छ । यस्तै, सदस्यहरुमा लीलाबहादुर थापा, दिलमाया भुलुन, चमेली शाही ठकुरी र भगवती सापकोटा गरी ८ जनाको कार्यसमिति यस अघिको भेलाले नै सर्वसम्मत पारित गरेको उहाँले जनाकारी दिनुभयो ।

गत जेठ २६ गते बसेको विद्यालयको अभिभावक भेलाबाट निर्वाचित भएका र ३१ गतेको बैठकले २ जना अध्यक्षमा आकांक्षीलाई छनोट गरिएको थियो । विद्यालय व्यवस्थापन समितिको पदेन सदस्य एवम् वडा अध्यक्ष, शिक्षक प्रतिनिधि र सदस्यसचिव (प्रधानाध्यापक) सहितको समितिको बैठकबाट मोक्तानलाई अध्यक्षको कार्यभार प्रदान गरिएको प्रधानाध्यापक फयलले जनाकारी दिनुभयो ।

# एकैदिन ३ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः प्रदेशको चितवन, सिन्धुपाल्चोक र धादिङमा एकैदिन ३ जना मृत फेला परेका छन् । मृत फेला परेको ३ जनाकै नामथर वतन नखुलेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगर पालिका-२, इन्द्रदेवमार्गमा एकजना मानिस मृत फेला परेका छन् । शुक्रबार इन्द्रदेवमार्गमा हाल नामथर वतन नखुलेको अन्दाजी ३६ वर्षीय पुरुष मृत फेला परेको प्रहरीले जनाएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल भरतपुर लगिएको प्रहरीले जनाएको छ ।

प्रदेशको सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-७ र ६ को सिमाना न्यौपानेटार एक जना पुरुष व्यक्तिको शव फेला परेको छ । शुक्रबार बिहान ८ बजेको समयमा पहिचान नखुलेको अन्दाजी ५५ वर्षीय पुरुष व्यक्तिको शव फेला परेको प्रहरीले जनाएको छ ।

शव मेलम्ची खोलामा सडेगलेको अवस्थामा फेला परेको थियो । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि नगर अस्पताल मेलम्ची लगिएको प्रहरीले जनाएको छ ।

यस्तै, धादिङ जिल्लाको थाक्रे गाउँपालिका-९, पिपलचौरमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा सोही स्थान बस्ने हाल नामथर वतन नखुलेको अन्दाजी ६० वर्षीय पुरुष मृत फेला परेको प्रहरीले जनाएको छ । शनिबार बिहान ९ बजेको समयमा पुरुष आफू सुत्ने कोठाभित्र नाइलनको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेका थिए ।

पुरुषको शव आंशिकरुपमा सडिगलेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । शव नजिकै विषादीको २ वटा बोतल फेला परेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी,

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



हेटौंडा कृषि बजार

हेटौंडा-४, मेनरोड

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।




सेवाहरु
- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्वारा निगरानी गरिने ।

(नोटः यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९




